आज मिति २०७५ माघ ५ गते शनिबार बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६५ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.
२. लेखा अधिकृत श्री बिन्जु बज्राचार्य
३. क.अ. श्री गीता तामाङ
४. क.अ. श्री विकाश गुरुङ

मिति २०७५/१०/४ गते नगर प्रमुख ज्यूबाट मिति २०७५/१०/५ गते शनिबार बिहानको ८:०० बजे नगर कार्यपालिकाको ६५ औं बोर्ड बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिका बाट निर्णय भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

<table>
<tr><th>सि नं</th><th>विषय</th><th>कानूनमा उल्लेख भएको व्यहोरा</th><th>निर्णय हुनुपर्ने व्यहोरा</th></tr>
<tr><td>१.</td><td>योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा ।</td><td></td><td>• चालु आ.ब.का लागी दोस्रो नगरसभाबाट स्वीकृत नगर विकास योजनाहरुको नाम, स्थान तथा कामको प्रकृति परिवर्तन गर्नु पर्ने अति आवश्यक भएको अवस्थामा वडा समितिले पुष्ट्याई सहित निर्णय गरी सिफारिस भएमा नगर प्रमुखद्धारा संसोधन गर्न नगर सभामा अनुमोदनका लागी पेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>२.</td><td>चालु खर्च संशोधन सम्बन्धमा ।</td><td></td><td>• चालु आ.ब.का लागी चालु खर्चमा विनियोजित रकम मध्ये निम्न बमोजिमका शीर्षकहरुमा निम्नानुसारको रकम असार मसान्तसम्मका लागी अपुग हुने देखिएकोले रजिष्ट्रेशन बापत प्राप्त राजश्व रकमबाट थप गरीखर्च गर्ने गरी संसोधन गर्ने निर्णय गरियो ।<br>तपसिल
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>ब.शि.नं.</th><th>रकम<br>रु. हजारमा</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>संचार महसुल</td><td>२२११२</td><td>२००</td><td></td></tr>
<tr><td>२.</td><td>मेसिनरी तथा औजार</td><td>३११२२</td><td>५००</td><td></td></tr>
<tr><td>३.</td><td>सवारी भाडा</td><td>२८१४३</td><td>१०००</td><td></td></tr>
<tr><td>४.</td><td>फर्निचर</td><td>३१११५</td><td>२०००</td><td></td></tr>
<tr><td>५.</td><td>व्याक हो लोडर संचालन खर्च</td><td>२२५२२</td><td>१०००</td><td></td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>सार्वजनिक स्थानको प्रयोग सम्बन्धमा ।</td><td></td><td>• यस दक्षिणकाली नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक स्थानहरुमा (सभा, समारोह, कार्यहरु) संचालन गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र प्रयोग गर्न सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ४. | पारिश्रमिक भुक्तानी सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपिलका वडा नं. ५ मा रहेको शेषनारायण मन्दिरमा पर्यटक प्रवेश शुल्क तथा पार्किङ शुल्क संकलन गर्ने संकलकहरुलाई मिति २०७५ श्रावण महिना देखी ऐ. भाद्र महिनासम्मको पारिश्रमिक उपलब्ध गराउन बाकी भएको हुदाँ साविक बमोजिम प्रति व्यक्ति मासिक रु.८०००।०० (अक्षरेपी आठ हजार रुपैयाँ मात्र) दक्षिणकाली नगर कार्यपालिका अन्तर्गत सेवा तथा परामर्श शिर्षक, हिसाब नं. २२४११ बाट भुक्तानी दिने निर्णय गरियो । |
| | | | • |